दुल्लू नगरपालिका

# स्थानीय राजपत्र

| खण्डः९ | संख्याः९ | २०८२ चैत्र १ गते |
|---|---|---|

## भागः २

दुल्लू नगरपालिका,नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### दुल्लू अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१

### (दोश्रो संशोधन),२०८२

प्रस्तावनाः दुल्लू नगरपालिका अन्तरगत रहेको दुल्लू अस्पतालमा कार्यरत कर्मचारीको सेवा सुविधामा सम्बन्धी मापदण्ड,२०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

दुल्लू नगरपालिकाको दुल्लू अस्पतालमा कार्यरत कर्मचारीको सेवा सुबिधा सम्बन्धी मापदण्ड, २०८१ को दफा (७) ले दिएको अधिकार प्रयोग गरि दुल्लू नगर कार्यपालिकाको मिति २०८२।११।२७ गतेको वैठकवाट "दुल्लू अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१" (दोश्रो संशोधन, २०८२) स्वीकृत गरी लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम "दुल्लू अस्पतालमा कार्यरत कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी मापदण्ड, २०८१"(दोश्रो संशोधन २०८२) रहेको छ ।

(२) यो मापदण्ड नगर कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. दुल्लू अस्पतालमा कार्यरत कर्मचारीको सेवा सुविधामा सम्बन्धी मापदण्ड,२०८१ को दफा (३) को उपदफा (५) मा संशोधनः दुल्लू अस्पतालमा कार्यरत कर्मचारीको सेवा सुविधामा सम्बन्धी मापदण्ड,२०८१(यस पछि मुल कार्यविधि भनिएको) को दफा ३ को उपदफा (५) खण्ड ३,४,६,७,८,१०,११,१२,१४ र १६ मा देहाय बमोजिम संशोधन गरिएको छः

पदम बहादुर बुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

| संशोधन गर्नुपर्ने खण्ड | विवरण | संशोधनको व्यहोरा |
|---|---|---|
| ३ | मेजर अप्रेसन | जम्मा प्राप्त रकमको ६० प्रतिशत रकम अप्रेशनमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरूप उपलब्ध गराउने र बाँकी ४० प्रतिशत अस्पतालमा जम्मा गर्ने, प्रावधानको सट्टा "जम्मा प्राप्त रकमको ५० प्रतिशत रकम अप्रेशनमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरूप उपलब्ध गराउने र बाँकी ५० प्रतिशत अस्पतालमा जम्मा गर्ने" भन्ने वाक्याङ्श राखिएको छ।" |
| ४ | नर्मल अप्रेसन | जम्मा प्राप्त रकमको ४० प्रतिशत रकम अप्रेशनमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरूप उपलब्ध गराउने र बाँकी ६० प्रतिशत अस्पतालमा जम्मा गर्ने, प्रावधानको सट्टा "जम्मा प्राप्त रकमको ३० प्रतिशत रकम अप्रेशनमा संलग्न कर्मचारीलाई प्रोत्साहन स्वरूप उपलब्ध गराउने र बाँकी ७० प्रतिशत अस्पतालमा जम्मा गर्ने" भन्ने वाक्याङ्श राखिएको छ।" |
| ६ | ल्याब सेवा | जम्मा आम्दानी भएको रकम मध्ये ४ प्रतिशत रकम प्रोत्साहन स्वरूम संलग्न जोखिम भत्ता उपलब्ध नहुने कर्मचारीलाई उपललब्ध गराइने र २ प्रतिशत चिकित्सकलाई उपलब्ध गराईने, प्रावधानको सट्टा "जम्मा आम्दानी भएको रकम मध्ये १ प्रतिशत रकम प्रोत्साहन स्वरूम संलग्न जोखिम भत्ता उपलब्ध नहुने कर्मचारीलाई उपललब्ध गराइने र १ प्रतिशत चिकित्सकलाई उपलब्ध गराईने" भन्ने वाक्यांश राखिएको छ। |
| ७ | एनेस्थेसिया | एनेस्थेसिया पदमा कार्यरत कर्मचारीलाई मासिक रूपमा १००००।०० दरले प्रोत्साहन स्वरूप उपलब्ध गराइने, प्रावधानको सट्टा "एनेस्थेसिया पदमा कार्यरत कर्मचारीलाई मासिक रूपमा १३०००।०० दरले प्रोत्साहन स्वरूप उपलब्ध गराइने" भन्ने वाक्यांश राखिएको छ। |
| ८ | सार्वजनिक विदाको दिनमा काम गरेको भए | नेपाल सरकारले तोकेको सार्वजनिक विदा, चाड पर्वहरूमा काम गरेको अवधिमा यस अगाडी लिएको सट्टा विदा गणना गरी अधिकृत स्तरलाई प्रति दिन ६००, सहायक स्तरलाई प्रति दिन ५००, श्रेणी विहिन कर्मचारीहरूलाई प्रति दिन ४०० का दरले रकम उपलब्ध गराउने, प्रावधानको सट्टा "दशैं र तिहारमा डिउटी गरेवापत सम्बन्धीत कर्मचारीको तह अनुसार खाईपाई आएको १ दिनको तलब स्केल बराबर प्रति सिफ्त १ जना नबढ्ने गरी उपलब्ध गराउने र अन्य सार्वजनिक विदामा काम गरेको अवधिमा सिफ्त डिउटी लागु नहुने फाँटमा यस अगाडी लिएको सट्टा विदा गणना गरी अधिकृत स्तरलाई प्रति दिन प्रति १ जनाका लागि ६००, सहायक स्तरलाई ५००, |

पदम बहादुर बुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | श्रेणी विहिन कर्मचारीहरूलाई ४०० का दरले रकम उपलब्ध गराउने" भन्ने वाक्यांश राखिएको छ। |
| १० | एम्बुलेन्स प्रोत्साहन | नगद आम्दानीको १५ प्रतिशत रकम चालकलाई उपलब्ध गराईने छ, प्राबधानको सट्टा "नगद आम्दानीको २० प्रतिशत रकम चालकलाई उपलब्ध गराईने छ" भन्ने वाक्यांश राखिएकोछ । |
| ११ | चिकित्सक नाईट भत्ता | चिकित्सक नाईट भत्ता अन्तरगत स्केल अनुसार १६०० का दरले इमरजेन्सी र मेट्रानिटिको उपलब्ध गराइने, प्राबधानको सट्टा "चिकित्सक अनकल भत्ता शीर्षक राखी दैनिक पहिलो अनकल वापत मेडिकल अधिकृतलाई (आठौं तह) १६०० का दरले र दोस्रो अनकल वापत विषेशज्ञ डाक्टरलाई (नवौं तह) १८०० का दरले उपलब्ध गराउने" भन्ने वाक्यांश राखिएको छ। |
| १२ | स्वास्थ्य बिमा | जम्मा नगद आम्दानीको ६ प्रतिशत रकम उपलब्ध गराउने त्यस मध्ये २ प्रतिशत चिकित्सक, २ प्रतिशत स्वास्थ्य बिमा फाँट र २ प्रतिशत अन्य सम्पुर्ण कर्मचारीलाई उपलब्ध गराउने, प्राबधानको सट्टा "जम्मा नगद आम्दानीको १ प्रतिशत स्वास्थ्य बिमा हेर्ने कर्मचारीलाई उपलब्ध गराउने" भन्ने वाक्यांश राखिएको छ। |
| १४ | सुत्केरी | नेपाल सरकारको नियमानुसार उपलब्ध गराउने, प्राबधानको सट्टा "नेपाल सरकारको नियमानुसांरमा थप नर्सिगं कर्मचारीहरूलाई प्रतिकेश १०० र कार्यालय सहयोगी कर्मचारीलाई प्रति केश १०० रूपैया थप गर्ने" भन्ने वाक्यांश राखिएको छ। |
| १६ | इ.सि.जी. | नगद आम्दानी ४० प्रतिशत रकम संलग्न कर्मचारीलाई उपलब्ध गराउने, प्रावधानको सट्टा "नगद आम्दानीको १५ प्रतिशत रकम संलग्न कर्मचारीलाई उपलब्ध गराउने" भन्ने वाक्यांश राखिएको छ। |

आज्ञाले
पदम बहादुर बुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

पदम बहादुर बुढा (क्षेत्री)
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मिति : २०८२।१२।०१